**विश्वव्यापी विश्लेषणः तीन प्रमुख प्रवृत्तिहरू**

सन् २०२१ आशा र प्रतिज्ञाहरूको वर्ष थियोः सबैमा कोभिड-१९ महामारीबाट भएको विनाशलाई खोपले रोक्नेछभन्ने आशा र जी सेभन र जी ट्वाइन्टी जस्ता समूह र सरकारहरूले "अझ राम्रोसँग पुनःनिर्माण" गर्नेछौं भनी वाचाह गरेका गरेका थिए। यद्यपि, यो प्राय भन्नको लागि भनिने कुरा मात्र थियो, केही सरकारहरूले आफ्नो स्थान बलियो बनाउनका लागि महामारीबाट लाभ लिने प्रयत्नलाई दोब्बर गरेको पनि पाइयो।

यस विश्लेषणले एम्नेस्टी इन्टरनेसनलले सन् २०२१ मा १५४ देशहरूमा गरेको मानवअधिकार अनुसन्धानबाट देखिएका निम्न तीन प्रमुख प्रवृत्तिहरूको उजागर गर्दछः स्वास्थ्य र असमानता, नागरिक स्थल र शरणार्थी तथा आप्रवासीहरूको विषयमा ग्लोबल नर्थद्वारा भएको प्रतिरोध।

**स्वास्थ्य र असमानताहरू**

खोपले कोभिड-१९ महामारीको क्रमिक अन्त्य हुने आशा दिएको थियो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ को अन्त्यसम्ममा यस महामारीले कम्तिमा ५५ लाखको ज्यान लिइसकेको देखिएपनि केही आंकलनहरूले वास्तविक संख्या दुईदेखि तीन गुणासम्म बढी हुन सक्ने अनुमान गरेका छन्। धेरै सरकारहरूले विश्वव्यापी खोप बिस्तारलाई समर्थन गर्ने वाचा गरे र जी७ र जी२० ले यसमा उल्लेखनीय प्रतिबद्धताहरू गरे। यद्यपि, विशेषगरी दक्षिणी ध्रुवका मुलुकका केही सरकारहरूले प्रयत्न गरेपनि, अन्तर्राष्ट्रिय सहयोग प्राप्तिमा भने खासै सफलता मिलेन। उच्च आय भएका देशहरूले उनीहरूले प्रयोग गर्न सक्ने भन्दा लाखौं बढी मात्रामा खोप भण्डारण गरेका छन्, केही देशहरूले आफ्नो सम्पूर्ण जनसंख्यालाई तीनदेखि पाँच चोटी खोप लगाउन पुग्ने खोप भण्डारण गरेको छ। सेप्टेम्बरमा यो अनुमान गरिएको थियो कि केही देशहरूले अझै पनि ५० करोड खोपहरू सञ्चित गरेर राखेका छन्। यूरोपेली युनियनमा खोपको दर ७० प्रतिशत भन्दा बढी रहँदा दक्षिणी ध्रुवका कैयौं देशहरू पहिलो मात्राको खोपमा पहुँचको लागि पर्खिरहेका थिए। अघिल्लो वर्षको अन्त्यसम्ममा, अफ्रिकाका १.२ अर्ब मानिसहरूमध्ये ८% भन्दा कमले पूर्ण खोप लगाएका थिए, जुन विश्वको कुनै पनि महादेशको सबैभन्दा कम खोप दर हो र सन् २०२१ को अन्त्यसम्ममा पनि विश्व स्वास्थ्य सङ्गठनले तय गरेको ४०% खोप लक्ष्यभन्दा धेरै टाढा छ। यस्तो विश्वव्यापी खोपको असमानताले जातीय अन्यायलाई थप गाँज्यो।

युरोपेली सङ्घका सदस्य राष्ट्रहरू नर्वे, स्विट्जरल्याण्ड र बेलायत जस्ता धनी देशहरूले पनि बौद्धिक सम्पत्तिको अधिकारको अस्थायी छुटमा रोक लगाएर खोपको विश्वव्यापी उत्पादनलाई बढावा दिने प्रयासहरूलाई व्यवस्थित रूपमा अवरुद्ध गरे ।त्यस्तो अस्थायी छुटले खोपमा न्यून र मध्यम आय भएका देशहरूको पहुँच बढाउने थियो। यसैबीच, शक्तिशाली सरकारहरूद्वारा समर्थित औषधि कम्पनीहरूले उच्च आय भएका देशहरूमा खोप वितरणलाई प्राथमिकता दिए। कोभिड-१९ को खोप उत्पादनको नेतृत्वमा रहेका मुख्य कम्पनीहरूले आक्रमक रूपमा खोपहरूको विश्वव्यापी उत्पादन विस्तार गर्ने उपायहरू विरुद्ध पैरवी गर्दै बौद्धिक सम्पत्तिको एकाधिकार कायम गर्नुका साथै प्रविधि स्थानान्तरणमा रोक लगाए। धेरै कम्पनीहरूले सार्वजनिक कोषमा अरबौं डलर अनुदानको रूपमा प्राप्त गर्नुका साथै महामारीबाट आश्चर्यजनक नाफा कमाउनुको बावजुद कम्पनीहरूले स्थानान्तरणमा रोक लगाएका हुन्। बायोएनटेक, फाइजर र मोडर्ना, तीन कम्पनीहरूले सन् २०२२ को अन्त्यसम्म १३० बिलियन अमेरिकी डलर कमाउने अनुमान गरेका थियो।

राष्ट्रिय खोप कार्यक्रमहरूले मिश्रित चित्र प्रस्तुत गरे। वैज्ञानिक दृष्टिकोण, सूचना अभियान र समर्पित स्वास्थ्यकर्मीहरूले गर्दा केही राष्ट्रिय स्वास्थ्य सेवाहरूले राष्ट्रिय खोप कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका छन्। यद्यपि, अन्य सरकारी खोप कार्यक्रमहरू पारदर्शिता र परामर्शको कमी र भ्रष्टाचारबाट प्रभावित भएका थिए। अरूले आप्रवासी र शरणार्थीहरू, आन्तरिक रूपमा विस्थापित मानिसहरू, ग्रामीण र आदिवासी समुदायहरू, कैदी, घरबारविहीन र अन्य कागजातविहिन मानिसहरूका साथै ऐतिहासिक विभेदको सामना गरिरहेका अन्य समूहहरू लगायत जोखिमपूर्ण परिस्थितिमा रहेकालाई प्राथमिकतामा राखेनन् र कतिपय अवस्थामा सक्रिय रूपमा बहिष्कार समेत गरे। रूसमा

पहिचान खुल्ने कागजात र स्वास्थ्य बीमाको आवश्यकताका कारण घरबारविहिन र कागजातविहिन आप्रवासीको खोप जटिल बन्न गयो। निकारागुआमा केही मिडिया रिपोर्टहरूले कोभिड-१९ को जोखिम अवस्थालाई पर्वाह नगरी सरकारका समर्थकहरूलाई खोप लगाउनुमा बढी प्राथमिकता दिइएको कुरा औंल्याए। दक्षिण तथा उत्तरी अमेरिकी मुलुकहरू जस्ता राष्ट्रहरूले पनि आदिवासी जनजातिहरूको खोपको लागि सांस्कृतिक रूपमा उपयुक्त हस्तक्षेपहरू सुनिश्चित गर्न विशेष प्रोटोकल सिर्जना गर्न असफल भए।

यसबाहेक, राजनीतिज्ञ र नेतालगायतका व्यक्तिहरूले गैरजिम्मेवार सामाजिक सञ्जाल कम्पनीहरूसँग मिलेर आफ्नै फाइदाको लागि भ्रम फैलाउन खोज्नेहरूको भ्रमपूर्ण सन्देश र हेरफेरले गलत सूचनालाई बढावा दियो र यसले खोप लगाउने कुरामा जनमानसमा हिचकिचाहटपन बढ्यो। द्वन्द्व र संकटले खोप कार्यक्रम, र स्वास्थ्यको अधिकारलाई पनि प्रभाव पारेको छ। उदाहरणका लागि यमन र इथियोपियामा नागरिक पूर्वाधारमा आक्रमण भएको छ र मानवीय पहुँचमा प्रतिबन्धहरू लगाइएको छ। त्यसैगरी अफगानिस्तान र म्यानमारमा, राजनीतिक उथलपुथलले गर्दा उनीहरूको पहिल्यै देखि कमजोर रहेको स्वास्थ्य सेवा प्रणालीलाई अस्तव्यस्त बनाएको छ।

स्वास्थ्यको मानवअधिकार र स्वस्थ्यमर्फत मानवअधिकार सायद अहिले भन्दा बढी महत्त्वपूर्ण र बढी जोखिममा पहिले कहिले पनि थिएन।स्वास्थ्य सेवा सुधार गर्न विश्वव्यापी लगानी र चिकित्सा सफलताहरू प्रयोग गर्ने ठूलो अवसर रहेको थियो। यद्यपि, विश्वभरका सरकारहरूले नेतृत्व देखाउन असफल भए। राष्ट्रहरू दशकौंदेखिको व्यापक उपेक्षा र स्वास्थ्य सेवामा रहेको कोषको कमीलाई उल्टाउन असफल रहनुका साथै स्वास्थ्य सेवामा सीमित तथा असमान पहुँचको विषयलाई सम्बोधन गर्न असफल भए। कोभिड-१९ सँगको लडाई र नियमित स्वास्थ्य सेवा प्रदान गर्ने दोहोरो चुनौतीको सामना गरिरहेको स्वास्थ्य सेवाले भोग्नुपरेको उच्च स्तरको संकटको मूख्य कारण यी दुई नै थिए। विशेषगरी यो असफलता जातीय अल्पसंख्यक, आप्रवासी कामदारहरू, जेष्ठ नागरिक लगायत यौन तथा प्रजनन स्वास्थ्यको खोजीमा रहेका महिलाले महसुस गरे। केही अधिकारीहरूको कोभिड-१९ का केसहरूलाई इन्कार गर्नु, जोखिमलाई महत्त्व नदिनु र राजनीतिक कारणले गर्दा निश्चित देशहरूबाट आउने खोपलाई निषेध गर्नु जस्ता कार्यले अवस्था झनै दयनिय बनायो। कन्गो, नाइजेरिया र टोगो लगायतका अफ्रिकी मूलुकहरूमा स्वास्थ्यकर्मीहरूले समस्या सहितको स्वास्थ्य प्रणाली सुधारको वा महिनौंदेखिको तिर्न बाँकी तलबको भुक्तानी माग गर्दै प्रदर्शन तथा हड्ताल गर्नु परेको थियो। युरोप लगायत अन्यत्रका केही सरकारहरूले स्वास्थ्य सेवामा परेको असरको बारे आवाज उठाउने स्वास्थ्यकर्मी विरुद्ध कदम चाले।

यसैबीच, महामारी र यसको प्रतिक्रियाले कैयौं राष्ट्रहरूको अन्य आर्थिक तथा सामाजिक अधिकारमा निरन्तर विनाशकारी प्रभाव पारेको थियो जसले गर्दा करोडौं व्यक्तिहरू चरम गरिबीमा फसे। महामारीको कारण बढेको ऋणले अत्यावश्यक सामाजिक सेवामा आवश्यक लगानी गर्ने सम्भावनामा नकारात्मक प्रभाव पार्यो र सीमित ऋण राहतका कारण आर्थिक सुधार कमजोर पार्यो। जी-२० ले अप्रिल २०२० सम्म ४५ अर्ब अमेरिकी डलर ऋण राहतका रूपमा दिने सहमति भएपनि दुई चोटी अवधि थप गरेर सन् २०२१ को अन्त्यसम्ममा ४० भन्दा बढी योग्य राष्ट्रहरूलाई १०.३ अर्ब अमेरिकी डलर मात्र प्रदान गरियो। यस पहलले ऋण चुक्ता गर्नुपर्ने केहि समयको लागि मात्र रोकियो र राहतका लागि निवेदन गरेका ४६ राष्ट्रहरूले ३६.४ अर्ब ऋण तिरेका थिए, जसले गर्दा यो अभाव थप जटिल बन्न गयो। यसले निजी लेनदेनको ऋण चुक्ता गर्ने मुद्दाको विषयलाई सम्बोधन गर्न असफल रह्यो, जुन केबल ०.२% मात्र निलम्बित गरियो।

त्यहि समयमा, सन् २०२१ ले केही अवसरहरूको संकेत गर्यो। यदि मानवअधिकारलाई यी प्रयासहरूको मुटुमा राख्ने हो भने सरकारहरूले निजी क्षेत्रको जवाफदेहिता र भविष्यका महामारीहरूको प्रभावकारी प्रतिकार्यहरूको आधार निर्माण गर्ने अवसर रहन सक्छ। विश्व स्वास्थ्य सभाले डिसेम्बरमा एक विश्वव्यापी प्रक्रियाको मस्यौदा निर्माण गर्ने र महामारी रोकथाम, तयारी र प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय संयन्त्रको लागि छलफल गर्ने कुरामा सहमति गरेको थियो। यद्यपि, वर्षको अन्त्यसम्म मानवअधिकारको कुनै पनि अर्थपूर्ण सन्दर्भ समावेश भएन। जबसम्म विश्वव्यापी

स्वास्थ्य नीति र सरकारका त्यस्ता संस्थाहरूको मातहतमा काम गर्ने तरिकामा रूपान्तरणत्मक परिवर्तन आउँदैन, तबसम्म कुनै पनि सन्धिको सिमित प्रभाव मात्र हुनेछ। थप रूपमा, कुनै पनि सहमति हासिल गर्न दशकौंसम्म असफल रहेपछि, जी-२० सरकारहरूले विश्वव्यापी करपत्र प्रणालीको केही सुधारको बारेमा एक सम्झौता गरे। यो, त्रुटिपूर्ण र अपर्याप्त भएतापनि, सबभन्दा व्यापक र हानिकारक विश्वव्यापी समस्याहरू निजी क्षेत्रले कर छल्ने र कर नतिर्ने विषयलाई सम्बोधन गर्न सही दिशामा चालिएको एक कदम थियो।

**नागरिक स्थान**

सन् २०२१ का चुनौतीहरूलाई सामना कसरी गर्ने बिषयमा छलफल गर्न स्थान दिनुको साटो सरकारहरूले स्वतन्त्र र भिन्न आवाजहरूलाई शान्त पर्ने प्रवृति जारी नै रह्यो, केही सरकारहरूले त अझ महामारीको बहानामा नागरिक स्थान खुम्चाउने प्रयत्न पनि गरे। वर्षभरी धेरै सरकारहरूले आफ्ना आलोचकहरूलाई लक्षित गरी दमनकारी उपायहरू थोपर्ने र/वा कार्यान्वयन गर्ने प्रयास गरे, धेरै जसो यी उपायहरू कोभिड-१९ बारे फैलिने गलत सूचनाको प्रसारलाई रोक्ने बहानामा लागू गरिएका थिए। चीन, इरान लगायत अन्यत्र, अधिकारीहरुले कोभिड-१९ को प्रतिकार्यको आलोचना वा चुनौती गर्ने व्यक्तिहरूलाई पक्राउ गरी जेल चलान गरे। कोभिडको रोकथाम गर्ने बहानामा संसारभर सरकारहरूले शान्तिपूर्ण प्रदर्शनहरूमा रोक लगाए। विशेषगरी अफ्रीका, मध्य पूर्व, दक्षिण अफ्रीका र एसियाका कैयौं सरकारहरूले इन्टरनेटको पहुँच र सामाजिक संजालमा भारी प्रतिबन्ध लागू गरेकाथिए। एस्वातिनी र दक्षिण सुडान जस्ता देशहरूमा कतिपय अवस्थामा योजनाबद्ध प्रदर्शनलाई भांड्न इन्टरनेटको प्रयोग गरियो। पत्रकार, आलोचक, महिला र यौन तथा लैङ्गिक अल्पसंख्यकको अधिकारको रक्षा गर्ने लगायतका मानवअधिकार रक्षकहरूमाथि आक्रमण स्वत्रन्त्र अभिव्यक्तिविरुद्धको मुख्य प्रहार रह्यो।

अभिव्यक्तिको स्वतन्त्रता, संगठित हुन पाउने अधिकार र शान्तिपूर्ण भेलाको अधिकारलाई बन्देज गर्ने नयाँ कानूनको तयारी र कार्यान्वयन गर्ने एक प्रतिगामी प्रवृत्ति रह्यो। एम्नेस्टी इन्टरनेसनलको अनुगमनको आधारमा वर्षभरी कम्बोडिया, इजिप्ट, पाकिस्तान, टर्की र संयुक्त राज्य अमेरिका लगायत यस प्रतिवेदनमा समेटिएका १५४ देशहरूमध्ये कम्तिमा ६७ वटा देशमा यस्तो कानून ल्याइएको थियो। साथै, कोभिड-१९ विरुद्ध लड्ने उद्देश्यका साथ सन् २०२० मा लागू गरिएका प्रतिबन्धहरू सार्वजनिक स्वास्थ्य स्थिति परिवर्तन भइसकेका बेला पनि कायम राखिएको थियो।

सरकार र शक्तिशाली निगमहरूले विभिन्न संयन्त्रहरू प्रयोग गरेर मानवअधिकार रक्षक र सरकारका आलोचकहरूलाई आक्रमण गरेपनि उनीहरू अडिग र निडर रहे। आक्रमणका प्रकारमा स्वेच्छाचारी नजरबन्द र अन्यायपूर्ण अभियोग, डरलाग्दो र आधारहीन मुद्दाहरू, प्रशासनिक प्रतिबन्धहरू र अन्य धम्कीहरूका साथै बलपूर्वक बेपत्ता र यातना लगायत हिंसा समावेश थिए। मानवअधिकार रक्षकहरूलाई लक्षित गरी दुर्व्यवहार गर्न सार्वजनिक सहभागिता विरुद्ध रणनीतिक मुद्दाहरूको प्रयोग बढेको थियो। उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा शेभरोन कर्पोरेशनविरुद्धको प्रतिकात्मक मुद्दामा इक्वेडरमा तेल डम्पिङका पीडितहरूको प्रतिनिधित्व गर्ने मुख्य वकिलहरू मध्येएक र त्यसैगरी कोसोभोमा अस्ट्रियामा स्थित केल्कोस इनर्जीको जलविद्युत परियोजनाहरूको वातावरणीय प्रभावको बारेमा आवाज उठाउने अधिकारकर्मीविरुद्ध दुर्व्यवहार। अन्डोरन सरकारले संयुक्त राष्ट्र संघको विज्ञ फोरममा महिला अधिकारको बारेमा बोलेकोमा एक अधिकारकर्मी विरुद्ध आपराधिक मानहानीको मुद्दा पनि ल्यायो। मध्यपूर्व र उत्तर अफ्रिकाका १९ देशहरूमध्ये १७ राष्ट्र लगायत १५४ राष्ट्रहरूमा कम्तीमा पनि ८४ जना रक्षकहरूलाई स्वेच्छाचारी हिरासतमा राखेको एमनेस्टीले अनुगमन गरेको थियो। कम्तीमा आठ देशहरूमा मानवअधिकार रक्षकहरू मारिएसँगै दक्षिण र उत्तर अमेरिका मानवअधिकार प्रतिरक्षा गर्न संसारको सबैभन्दा खतरनाक क्षेत्रहरूमध्ये एक बन्न गयो। म्यानमार र अफगानिस्तानका घटनाहरूले मानवअधिकारको क्षेत्रमा भएका उपलब्धीहरू पछिल्तिर धकेलियो र रक्षकहरूले पहिलेको भन्दा अझ बढी हिंसा र ज्यादतीको सामना गर्नु पर्यो। केही राष्ट्रहरूमा सरकारले गैरसरकारी संस्था र/वा संचार माध्यमहरूलाई बन्द गर्न नाटकीय कदमहरू चाले। जस्तै रूस र चीनको हङकङ क्षेत्रमा जुन् कार्यहरू पहिले अकल्पनीय मानिने गरिन्थ्यो। अफगानिस्तामा तालिवानले कब्जा गरेपछि २०० भन्दा धेरै संचार माध्यमहरू देशभर

बन्द गरियो। विशेषगरी एक निर्लज्ज आक्रमणमा, बेलारूसले एक नागरिक विमानमा सवार निर्वासित पत्रकारलाई पक्राउ गर्न सकियोस् भनेर उक्त विमानमा बम (नक्कली) भएको डर देखाई विमानलाई नै मोड्न लगायो। सार्वजनिक जीवनमा आफ्नो स्थान दावी गर्न साहस गरी मानवअधिकार सङ्घर्षको नेतृत्व गर्ने सीमान्तकृत समूहहरूले विभेद, बहिष्करण देखि लिएर जातीय र लिङ्गमा आधारित सम्मका "अफलाइन" र "अनलाइन" दुवै प्रकारका आक्रमणहरूको जोखिम र चुनौतिहरू सामना गरे। सरकारहरूले पत्रकार, मानवअधिकार रक्षक, राजनीतिक विपक्षी र अन्य आलोचनात्मक आवाजहरूलाई लक्षित गर्न विशेष *स्पाइवेयर*लगायत प्राविधिक उपकरणहरू पनि बढ्दो रूपमा प्रयोग गरे। महामारी र भइरहेको दमनको प्रतिबन्धको मिश्रणले, भारतदेखि जिम्बाब्वेसम्म धेरै देशका गैरसरकारी संस्थाहरूले आफ्ना गतिविधिहरू सञ्चालन गर्न वा विदेशी रकम/कोषको पहुँच पाउन नयाँ चुनौतीहरूको सामना गर्नु परेको छ।

नागरिक स्थल, अल्पसंख्यक समुदाय र असहमत विचारधाराहरूमा भएको आक्रमण पनि गैर-राज्य पक्षहरूद्वारा संचालित थियो र कहिले सशस्त्र र कहिलेकाहीं राज्यहरूसँग मिलेर थियो। यो कुरा भारतमा स्पष्ट थियो जहाँ दलित, अदिवासी र मुस्लिमहरूले व्यापक दुर्व्यवहार र घृणास्पद अपराधहरूको सामना गरिरहे। ब्राजिलमा, गैर-राज्यपक्षद्वारा वातावरण क्षेत्रका अभियन्ताहरूको हत्या निरन्तर जारी नै रहयो। बढ्दो जातीय विभेद, इस्लामसन्त्रास र यहुदी विरोधी भाव (antisemetism) को सन्दर्भमा युरोपमा अल्पसंख्यक समुदायहरू जस्तै मुस्लिम, यहूदीहरू र अन्यले अष्ट्रिया, फ्रान्स, जर्मनी, इटाली र बेलायत लगायतमा बढ्दो घृणास्पद अपराधहरूको सामना गर्नुपरेको थियो।

सरकारहरूले विरोधको अवस्थामा नागरिक स्थललाई सुरक्षाको दृष्टिकोण लगाएर गलत तरिकारले नियमन गर्ने, शान्तिपूर्ण भेलाहरूलाई अपराधीकरण गर्ने, प्रहरीलाई सैन्यीकरण गर्ने, विरोध प्रदर्शनहरूको सामनामा गर्न राष्ट्रिय सुरक्षा शक्तिहरू प्रयोग गर्ने र प्रदर्शनहरूलाई दमन गर्न नियमनहरू ल्याउने प्रवृत्ति सन् २०२१ मा बढ्दो रूपमा देखियो। विरोध प्रदर्शनहरूको जवाफमा सुरक्षा बलहरू हाबी भए: एम्नेस्टी इन्टरनेसनलले अनुगमन गरेका सबै क्षेत्रहरूका १५४ देशहरूमध्ये कम्तिमा ८५ मा प्रदर्शनकारीहरू विरुद्ध अनावश्यक र/वा अत्यधिक बल प्रयोगको भएको दस्तावेजीकरण गरेको थियो। सुरक्षा बलहरूले बन्दुक, अश्रु ग्यास र रबरका बुलेटहरू जस्ता अलि कम घातक हतियारहरूको नियमित रूपमा दुरूपयोग गर्दै सयौंलाई गैरकानुनी तवरमा हत्या गरे र धेरैलाई घाइते तुल्याए। केही देशहरूमा विरोध प्रदर्शनहरूका बेला राज्यद्वारा भएको प्रतिकारमा सशस्त्र बल र सैन्य उपकरणहरू लगायतका प्रयोगले सैन्यकरणको प्रवृत्ति निरन्तर रह्यो। प्रदर्शनकारीहरूका साथै मानवअधिकार रक्षक र अन्य आलोचकहरूविरुद्ध भएका आक्रमण रोक्न कमजोर बनाइएका न्यायपालिकाहरू विफल भए कतिपय अवस्थामा त आक्रमणहरूलाई नै सहज गरिदिए। सरकारहरूले प्रायः गिरफ्तारी र अभियोजनहरू गरे र प्रदर्शनको नेतृत्व लिनेहरू र सहभागीहरूलाई ठम्याउन अनुहार पहिचान र अन्य निगरानीका शैलीहरू सहितका प्राविधिक माध्यमहरू बढ्दो रूपमा प्रयोग गरे।

### शरणार्थी र आप्रवासीलाई उत्तरी ध्रुवका मुलुकहरूद्वारा प्रतिरोध

सन् २०२१ मा उदयमान र भइरहेका संकटहरूको कारणले ठूलो मात्रामा मानिसहरूको विस्थापन भएको थियो। अफगानिस्तान, इथियोपिया र म्यानमार जस्ता देशहरूमा भएका घटनाहरूले विस्थापनको नयाँ लहरहरू निम्त्यायो। हजारौंले भेनेजुएला छोड्न जारी राखे र प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा चलिरहेको द्वन्द्वले २०२१ मा मात्र १५ लाख मानिसले आफ्नो घरबार छोडे। द्वन्द्व र हिंसा, असमानता, जलवायु परिवर्तन र वातावरणीय ह्राससम्बन्धी मानवअधिकार उल्लङ्घनका कारण विश्वव्यापी रूपमा लाखौं मानिसहरू आफ्नो देश छोडेर निरन्तर भाग्न थाले जसमा जातीय अल्पसंख्यकहरू सबैभन्दा बढी प्रभावित भएका छन्। संयुक्त राष्ट्र संघको शरणार्थी निकाय (UNHCR) का अनुसार सन् २०२१ को मध्यसम्म विश्वभर दुई करोड छैसठ्ठी लाख (२,६६००,०००) शरणार्थी र ४४ लाख शरणको खोजीमा रहेकाहरू थिए। धेरैजसो वर्षौंसम्म शिविरमा बसे, उदाहरणका लागि बंगलादेश, जोर्डन, केन्या, टर्की र युगान्डामा उनीहरूले यस्तो पीडा खेपेका थिए। धेरैजसो उनीहरू असुरक्षाको कारणले भागेकै देशहरूमा पुनः फरकाइने त्रासमा बसिरहेका छन्।

स्थानीय तहमा, यात्रारत मानिसहरूको लागि ऐक्यबद्धता बढ्यो, ऐक्यबद्धता जनाउने देशहरूको सङ्ख्या बढ्दै जाँदा अहिले १५ देशहरूले शरणार्थीहरूलाई स्वागत गर्न अनुमति दिने समुदायहरूलाई केही स्पोन्सरसिप कार्यक्रमहरू प्रदान गर्यो। यद्यपि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भने यस्तो ऐक्यबद्धताको दुखद् प्रायः अभाव रहेको थियो। आप्रवासनका बारेमा विदेशी देखि त्रसित हुने (जेनोफोबिक) कथनहरूलाई अझै पनि विशेषगरी **उत्तरी ध्रुवका** राष्ट्रहरूमा जनमतमा प्रवेश गराइयो र घरेलु नीतिहरूलाई अझ कडा बनाइयो। युरोपेली सङ्घका पूरा एक दर्जन देशहरूले शरणार्थी संरक्षण नियमहरू कमजोर बनाउन संगठनको कार्यकारीलाई आह्वान गरे। अन्तर्राष्ट्रिय समुदाय पर्याप्त सहयोग प्रदान गर्न असफल भयो र सबैभन्दा खराब त सुरक्षित आश्रयस्थलहरूको पहुँचमा नै प्रतिबन्ध लगाइयो।

धेरै पटक यस्ता यात्रारत मानिसहरू दुर्व्यवहारको पनि शिकार भएका थिए र जस्तै जबर्जस्ती फर्काउने, यातना दिने र यौन हिंसा गर्ने जस्ता व्यापक उल्लङ्घनहरूमा दण्डहीनताले राज गर्यो। धेरै सरकारहरूले शरणार्थी र आप्रवासीहरूलाई संरक्षण प्रदान गर्न आफ्नो जिम्मेवारीहरू त्यागे र आफ्नो क्षेत्रमा पुग्न र सहज आगमनलाई रोक्नको लागि उनीहरूको प्रयासले अधिकारहरू उल्लङ्घन गरे। प्रतिरोधको रणनीति बढ्दो रूपमा सामान्य बन्यो, केहि नयाँ चौबाटो जस्तै बेलारूस/युरोपेली सङ्घका सीमानामा। अमेरिकी सीमा नियन्त्रण अधिकारीहरूले कोभिड-१९को जनस्वास्थ्य प्रावधानलाई बहानाको रूपमा प्रयोग गरेर अमेरिका-मेक्सिको सीमामा झन्डै दश लाख शरणार्थी र आप्रवासीहरूलाई सामुहिक रूपमा रोके। त्यसैगरी, सरकारहरूले राष्ट्रिय शरणार्थी आवेदन प्रक्रियाहरू (अफगानिस्तान जस्ता देशका समर्थन गर्ने भनिएका शरणार्थीहरूको प्रवाहको सामना गर्दा पनि) लाई बढ्दो रूपमा बाह्य स्वरूप दिन खोज्दै थिए। सरकारहरूले सीमामा सुरक्षा र हिंसालाई नियन्त्रण गर्ने माध्यमको रूपमा निगरानी र डाटा-संचालित प्रविधिहरू प्रयोग गर्ने प्रवृत्तिलाई पनि जारी राखे। यस्तो सीमा प्रविधिलाई गोराहरू बहुसंख्यक रहेका देशहरूमा प्रायः प्रणालीगत रूपमा विभेदपूर्ण तरिकाले काला मानिसहरू विरुद्ध असमान रूपमा प्रयोग गरिएको थियो ।

सीमा पार गर्नेहरूका लागि पनि प्रायः अवस्था कठीन थियो। धेरै अधिकारीहरूले गैरकानुनी रूपमा प्रायः वैध कानुनी आधारहरू बिना वा उनीहरूलाई आफ्नो गिरफ्तारीको नियमानुकूलतालाई चुनौती दिन नसक्ने गरी शरणार्थी र आप्रवासीहरूलाई पक्राउ गर्न र अनिश्चित कालका लागि हिरासतमा राख्न जारी राखे। केही सरकारहरू गैरकानुनी निर्वासनमा पनि संलग्न भए। सन् २०२१ मा अनुगमन गरिएका १५४ देशहरूमध्ये कम्तिमा ४८ वटा देशहरूमा शरणार्थी वा आप्रवासीहरूलाई गैरकानुनी रूपमा उनीहरूको देशमा फर्काइएयो वा सीमापार धकेलिएको विश्वसनीय आरोपहरू एम्नेस्टी इन्टरनेसनलले दस्तावेजीकरण गरेको छ। लिबियामा ईयु- समर्थित लिबियाली तटरक्षकहरूले किनारामा उतार्दा हजारौं जबरजस्ती बेपत्ता हुन पुगे भने धेरैलाई उचित प्रक्रिया बिना जबर्जस्ती निष्कासन गरियो र उनीहरूलाई सिमाना भूमिमा लगेर छोडियो। मलेसियाले उत्पीडन र अन्य गम्भीर मानवअधिकार उल्लङ्घनको वास्तविक जोखिमको बाबजुद एक हजारभन्दा बढी मानिसहरूलाई स्यानमार फर्काइदियो।

धेरै सरकारहरूले शरणार्थी र आश्रय लिने लगायतका यात्रावर मानिसहरू विरुद्ध गैरकानूनी रूपमा विभेद गरे। पेरूमा, करिब दश लाख विदेशीहरू, जसमा पाँच लाख नियमित आश्रय खोज्नेहरू थिए स्वास्थ्य सेवा जस्ता अधिकारहरूमा पहुँच गर्न सक्षम भएनन्। यद्यपि, आप्रवासी श्रमिकहरू विरुद्ध व्यापक श्रम दुर्व्यवहार रोक्न दबाब दिन कतारमा २०२२ को पुरुष फुटबल विश्वकपको तयारी जस्ता उच्च-प्रतिरूपका परियोजनाहरूको तेजले उत्प्रेरित गर्न जारी राख्यो। यसले केही देशहरूमा थप सुधारहरू निम्त्यायो, यद्यपि प्रमुख चासोहरू बाँकी छन्। आप्रवासीहरू विशेष गरी आप्रवासी बालबालिकाहरूलाई थुनामा राख्न चरणबद्ध रूपमा अन्त्य गर्न बढ्दो आह्वानहरू आएका थिए।

**सिफारिसहरू**

आफ्ना वाचाहरू पूरा गर्नका लागि सरकार र संस्थाहरूले आफ्नो महामारीको पुन:प्राप्ति र संकट प्रतिकार्यलाई मानवअधिकार ढाँचामा दृढताका साथ निर्माण गर्नुपर्छ, र समाधानमा पुग्न साझेदारको रूपमा नागरिक समाजसँग वास्तविक संवादलाई सहज बनाउनु पर्छ।

सबै सरकारहरूले खोप विकासकर्ताहरूलाई कोभिड-१९ विरुद्धको खोपहरूको पहुँचमा बाधा पुऱ्याउनबाट रोक्नका लागि कानुन सहितका उपायहरू लागू गर्नुपर्दछ। धनी देशहरूले विशेष गरी कम आय भएका देशहरूमा अतिरिक्त कोभिड-१९ खोपको मौजदात पुनः वितरण गर्नुपर्छ र आर्थिक पुनःप्राप्तिलाई सहज बनाउन ऋणमा राहत बढाउनु पर्दछ। सबैभन्दा बढी आवश्यक पर्ने अवस्थामा औषधि कम्पनीहरूले वितरणलाई प्राथमिकता दिनुपर्छ। सामाजिक सञ्जाल कम्पनीहरूले गलत वा भ्रामक जानकारीको प्रसारमा पर्याप्त प्रतिक्रिया दिन ठोस कदम चाल्नु पर्छ।

सरकारहरूले स्वतन्त्र रिपोर्टिङ र बहसलाई मौन पार्नको लागि महामारीलाई बहानाको रूपमा प्रयोग गर्न बन्द गर्नुपर्छ र अभिव्यक्ति स्वतन्त्रता, संघ/संस्था र शान्तिपूर्ण भेला हुन पाउने अधिकारमा लगाइएका सबै अनुचित प्रतिबन्धहरू तुरुन्तै हटाउनुपर्छ। संयुक्त रूपमा, सरकारले मानवअधिकारको रक्षा र प्रवर्धनका लागि मानिसहरू एकजुट हुन सुरक्षित र सक्षम वातावरणको सुनिश्चित गर्न कानुनहरू लागू वा विस्तार गर्नुपर्छ र गैरसरकारी संस्थाहरूको अनुदान रकम माग्ने, लिने र उपयोग गर्ने लगायत वैध गतिविधिमा बाधा पुऱ्याउने कानुनलाई खारेज वा परिमार्जन गर्नुपर्दछ। यो पनि महत्त्वपूर्ण छ कि सरकारहरूले शान्तिपूर्ण सम्मेलनहरू आयोजना गर्न पूर्व अनुमति चाहिने व्यवस्थाहरू खारेज गर्नुपर्छ र महामारीको समयमा अपनाइएका आपतकालीन र अन्य प्रतिबन्धात्मक उपायहरू नै "नयाँ सामान्य" नबन्ने कुराको सुनिश्चित गर्नुपर्छ। कानुनको कार्यान्वयन प्रयोजनका लागि वैधानिक उपायका सामग्री भएपनि सजिलै दुरुपयोग गर्न सकिने लाठी, अश्रु ग्यास, पेपर स्प्रे र रबर बुलेट जस्ता उपकरणको निर्यात र आयातमा उनीहरूले कडा नियन्त्रण गर्नुपर्छ।

सरकारहरूले अन्तर्राष्ट्रिय संरक्षणको खोजीमा रहेका मानिसहरूलाई संरक्षण गर्ने, उनीहरूको अधिकारको सम्मान र संरक्षण गर्ने र दिगो समाधान नभएसम्म उनीहरूलाई आफ्नो क्षेत्रमा मर्यादित अवस्थामा रहन सक्षम बनाउने दायित्व पूरा गर्नुपर्छ। उनीहरूले शरणार्थीहरू प्रति प्रतिरोध र बाहिरियाको व्यवहार गर्न बन्द गर्नुपर्छ, र सामुदायिक आर्थिक सहायता कार्यक्रम (community sponsorship) समर्थन गर्नुपर्छ। सरकारले आप्रवासीहरूमाथि हुने विभेद लगायत दुर्व्यवहारको अन्त्य गर्नुपर्छ, आप्रवासी बालबालिकालाई थुनामा राख्ने काम बन्द गर्नुपर्छ र श्रम दुर्व्यवहार अन्त्य गर्न चालिएका सुधारहरूलाई गहिर्याउनु पर्छ।